फोन:-०४४-५५०६७५

# बर्दिवास नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

बर्दिवास, महोत्तरी
प्रदेश नं २, नेपाल
२०७३

प.सं.:-०७५/७६
च.नं.- १५३८

मिति :-२०७५।१२।२८

**बिषय:-"व्यक्तिगत घटना दर्ता सप्ताह" सम्बन्धमा**

**श्री वडा कार्यालयहरु सबै**
**बर्दिवास नगरपालिका ।**

प्रस्तुत बिषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरवार काठमाण्डौको मिति २०७५।१२।२७ च.नं. ४६५ को प्राप्त पत्र यसै साथ संलग्न छ, सोही पत्र बमोजिम २०७६ बैसाख १ देखि ७ गते सम्म **"व्यक्तिगत घटना दर्ता सप्ताह"** बिभिन्न कार्यक्रमका साथ मनाउनुहुन र घटना दर्ता विवरण यस कार्यालयमा पठाउनुहुन अनुरोध छ ।

०७५।१२।२८

कबिराज उप्रेती
प्रमुख प्रशासकीय अधिकृत

कविराज उप्रेती
प्रमुख प्रशासकीय अधिकृत

फो.नं.: ०१-४२३३८७९
४२४०२३९, ४२५७७८३

नेपाल सरकार

# गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७५/७६
चलानी नम्बर: ५५५

मिति २०७५/१२/२७

विषय "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम संचालन सम्बन्धमा ।

श्री महानगरपालिका कार्यालय, सवै

श्री उपमहानगरपालिका कार्यालय, सवै

श्री नगरपालिका कार्यालय, सवै

श्री गाउँपालिका कार्यालय, सवै ।

प्रस्तुत विषयमा नेपाल सरकार (माननीय गृहमन्त्री स्तरको) मिति २०७५/१२/१४ को निर्णय अनुसार आगामी २०७६ साल वैशाख १ गते देखि ७ गतेसम्म मुलुक भरका नागरिकहरुमा व्यक्तिगत घटना दर्ता प्रति सचेतना अभिवृद्धि गरी व्यक्तिगत घटना दर्ताको दायरा बढाउने उद्देश्यले **"व्यक्तिगत घटना दर्ता सप्ताह"** विभिन्न कार्यक्रमका साथ मनाउने निर्णय भएकोले ताहाँ स्थानीय तहबाट तपसिल बमोजिमको कार्यक्रमहरुको आयोजना गरि **"व्यक्तिगत घटना दर्ता सप्ताह"** कार्यक्रम गर्न गराउनु हुन अनुरोध छ ।

२०७५/१२/२६

(दिपक काफ्ले)
महानिर्देशक

तपसिल:

१. २०७६ साल वैशाख १ गतेदेखि ७ गतेसम्म नागरिकमा व्यक्तिगत घटना दर्ता प्रति सचेतना अभिवृद्धि गर्ने विभिन्न कार्यक्रमहरु संचालन गर्ने गराउने व्यवस्था मिलाउने ।

२. "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम अवधिभर जनप्रतिनिधि र कर्मचारीहरुले आफु र परिवारका सदस्यहरुको व्यक्तिगत घटना दर्ता गर्न बाँकी रहेको भए घटना दर्ता गर्ने गराउने व्यवस्था मिलाउने ।

३. "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम अवधिभर भएका व्यक्तिगत घटना दर्ताको विवरण २०७६ साल वैशाख १५ गते भित्र यस विभागमा पठाउने व्यवस्था मिलाउने ।

४. व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई नियमित र व्यापक रुपमा अगाडि बढाउन स्थानीय संचार माध्यमहरुको समेत उपयोग गरी कार्य गर्ने गराउने ।